# ऐरावती गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## बुढीँला,प्यूठान
## लुम्बिनी प्रदेश, नेपाल

## नदीजन्य पदार्थ (ढुङ्गा,गिट्टी,बालुवा) उत्खनन्, र बिक्री कार्यको ठेक्का वन्दोवस्तीको लागि सिलवन्दी दरभाउपत्र आव्हानको सूचना

(पुन प्रकाशित मिति:२०८०।०६।१७)

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा २ (घ), दफा ६२ (क),नेपाल सरकारको ढुङ्गा, गिट्टी, बालुवा, उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७, लुम्बिनी प्रदेश सरकारको प्रदेश आर्थिक ऐन २०७९ को दफा ८ रं अनुसुची ६, ऐरावती गाउँपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (अद्यावधिक)-२०७९ को व्यवस्था र ऐरावती गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८०।०५।१२ गतेको निर्णय बमोजिम आ.व.२०८०/०८१ का लागि यस गाउँपालिका क्षेत्र भित्रका नदी/खोलाहरुका स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) उत्खनन् गरी ऐरावती गाउँपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी देहाय बमोजिमको ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकाले ईच्छुक फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपीहरु संलग्न गरी तपशिल बमोजिमका शर्तहरुको अधीनमा रही सिलवन्दी दरभाउपत्र प्रकृयामा सहभागी हुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपशिल

| ठेक्का नं. | दरभाउपत्रको नाम/विवरण | उत्खनन् परिमाण (घन फिट) | बिक्री शुल्क प्रति घनफिट ( मु.अ.कर बाहेक) | न्यूनतम बोलपत्र रकम (अग्रिम आयकर र मू.अ.कर बाहेक) | धरौटी रकम | फाराम शुल्क |
|---|---|---|---|---|---|---|
| 01/ARM/NCB /Goods RBM-2080/081 | ऐरावती गाउँपालिका क्षेत्र भित्र पर्ने नदी/खोलाका स्वीकृत घाटहरुबाट नदीजन्य पदार्थ ( ढुङ्गा,गिट्टी,बालुवा)उत्खनन,संकलन र घाटगद्दी तथा बिक्री सम्वन्धी कार्य | २५१७९३/०० | ६/०० | १५१०७५८/०० | कवोल गरेको अंकमा मू.अ.क. जोडी उक्त रकमको ५ % ले हुन आउने रकम नगदै वा कम्तीमा १२० दिन म्याद भएको बैंक जमानत | १००० |

**शर्तहरु :**

- दरभाउपत्र फारम खरिद गर्न ईच्छुक फर्म वा कम्पनीले फर्म वा कम्पनी नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.ब. २०७८/०७९ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र दरभाउपत्र फारम दस्तुर बापत यस कार्यालयमा नगदै तिरेको वा नेपाल इन्भेस्टमेन्ट मेगा बैंक लि शाखा कार्यालय, ऐरावती मा रहेको यस कार्यालयको राजश्व खाता नं ग १.१-१८२०१४००००००७९ मा जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी सूचना प्रकाशन भएको मितिले ३ औं दिन (२०८०/०६/१९ गते)

नि. प्रमुख प्रशासकीय अधिकृत

को कार्यालय समयभित्र कार्यालयबाट दरभाउपत्र फारम खरिद गर्न सकिनेछ। दरभाउपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको लगतै पछिको कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ।

- दरभाउपत्र सम्वन्धी फारम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। आफुले कबोल गरेको अंकको (मु.अ.क.र अग्रीम कर सहित) ५ (पाँच) प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको नेपाल इन्भेस्टमेन्ट मेगा बैंक लि, ऐरावती शाखामा रहेको धरौटी खाता नं ग ३.१-१८२०१४००००००३१ मा जम्मा गरी सो को सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त "क" वर्गको बैंकबाट यस कार्यालयको नाममा दरभाउपत्र नं र नाम उल्लेख गरी १२० दिनको म्याद सहित जारी गरिएको बिड बण्ड सिलबन्दी खाम साथ पेश गर्नु पर्नेछ।
- खरिद गरेको दरभाउपत्र फारामहरुमा उल्लेख भएका सवै विवरणहरु भरी दरभाउपत्रदाताले प्रत्येक पानामा सही छाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, फोन नं, मोवाइल नं समेत स्पष्ट खुलाई फर्मको छाप लगाई सूचना प्रकाशित भएको मितिले ४ औं दिन (२०८०/०६/२० गते) दिनको १२:०० बजे भित्र यस कार्यालयमा Hard Copy दर्ता गर्नु पर्नेछ। दरभाउपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको लगतै पछिको कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ।

- एक फर्म वा संस्थाको नाममा खरिद गरिएको दरभाउपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन। रीतपूर्वक पर्न आएका दरभाउपत्र सम्वन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको २:०० बजे निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रहोबरंमा यस कार्यालयमा खोलिनेछ। साथै दरभाउपत्रदाता वा निजको प्रतिनिधि दरभाउपत्र खोल्ने समयमा उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन। उक्त दिन बिदापरेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ।
- दरभाउपत्र सम्बन्धी विस्तृत जानकारी दरभाउपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा गरिएको सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सर्म्पक राख्न सकिनेछ। म्यादनाघी, रीत नपुगी वा शर्तसहति पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन। बोलत्रप स्वीकृत गर्ने वा नगर्ने सम्वन्धी सर्म्पुण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।
- दरभाउपत्र स्वीकृत भएमा सो को सुचना पाएको मितिले ७ दिन भित्र मु.अ.कर दर्ता प्रमाणपत्र समेत लिइ कबोल अंकको प्रथम किस्ता बापत ६० प्रतिशतले हुने रकम अनिर्वाय बुझाउनु पर्नेछ। दोस्रो किस्ता बाफत ४० प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंकबाट इज्जात प्राप्त "क" वर्गको बैंकबाट यस कार्यालयको नाममा २०८१ साल असार मसान्त सम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (Performance Bond) समेत पेश गरी पट्टा उठाउनु पर्नेछ। दोश्रो किस्ता बापतको रकम २०८१।०२।२० गते भित्र यस कार्यालयमा बुझाउनु पर्नेछ। नियमानुसार गाउँपालिका/ नेपालसरकारलाई आयकर तथा अन्यकर दरभाउपत्रदाताले छुटै बुझाउनु पर्नेछ।
- तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार दरभाउपत्र बन्दोबस्त गरिनेछ। यस गाउँपालिकाका नदी तथा खोलाहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाण सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन २०७४, नेपाल सरकार, लुम्बिनी प्रदेश सरकार र ऐरावती गाउँपालिकाबाट जारी भएका कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ। यस कार्यालयबाट गरिएको प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन यस दरभाउपत्र सम्झौताको अभिन्न अंग मानिनेछ।

**नि.प्रमुख प्रशासकीय अधिकृत**

नि. प्रमुख प्रशासकीय अधिकृत